बनाउँदै लैजानु हाम्रो कर्तव्य हुन आउँछ । त्यसका लागि विविध क्षेत्रका विकासका सांभावनाहरुको खोजी गरी मूलतः आवधिक,सालवसाली र तत्काल राहतको रुपमा सम्बोधन गर्ने खालका र आपतकालिन योजना समेत तर्जुमा गरी आगाडि बढ्न आवश्यक छ । जसका लागि हामीले अब तिनाउ गाउँपालिकाको विकास र समृद्धीको परिकल्पना स्पष्ट रुपमा गर्नुपर्ने छ । त्यसका लागि हामी कहाँ छौं र कुन अवधिमा कहाँ पुग्ने छौं र हाम्रो गन्तव्य कता हो भन्ने कुरा हरेक विकासका विषयहरुमा स्पष्ट हुन सबैमा आग्रह गर्न चाहान्छु । तसर्थ बाटो र गन्तव्य विनाको हिडाई उद्धेश्य र उपलब्धि विहिन हुन्छ । त्यस कारण लक्ष्य किटान सहित नीति,मापदण्ड र पद्धतिलाई स्थापित गर्न सकियो र त्यसैलाई आधार मानेर आगाडि बढ्न सकियो भने हाम्रो यात्रा सफल र नतिजामूलक हुन्छ भन्ने कुरामा हामी विश्वस्त हुन जरुरी छ । तसर्थ अव हामी नीति तथा कार्यक्रममा स्पष्ट हुनुपर्दछ र सोही स्पष्टताले हामीले हाम्रा कार्यक्रमहरुको कार्यान्वयनमा स्पष्टता,सहजता र उपलव्धिमुलक बनाउन सक्छौं भन्ने लाग्दछ ।

आज हामी यो सभामा पालिकाको आगामी नीति तथा कार्यक्रम तर्जुमाको चरणमा छौं ।यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले निम्न लिखित आधारहरुलाई मार्गदर्शकको रुपमा अंगिकार गरेका छौ ।

**तपसिलः**

१) नेपालको संविधान
२) स्थानीय सरकार संचालन ऐन,२०७४
३) राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोग ऐन,२०७४
४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
५) संघीय तथा प्रदेश सरकारले जारी गरेको नीति कानून तथा मापदण्डहरु
६) स्थानीय तहमा बजेट तर्जुमा,कार्यान्वयन,आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धि निर्देशिका,२०७४
७) संघीय,प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८) स्थानीय तहको मध्यकालिन खर्च संरचना
९) श्रोत र साधन
१०)नेपाल सरकारले अर्न्तराष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धताबाट सिर्जित दायित्वहरु
११)संघ तथा प्रदेशले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु
१२) संघ तथा प्रदेशबाट बजेट निर्माण सम्बन्धमा अबलम्बन गरेका अन्य बिषयहरु ।

हामीले हाम्रा नीति तथा कार्यक्रम तर्जुमा गर्दा केही विषयमा प्राथमिकताका आधारहरु तय गरेर मात्र अगाडि बढ्नु श्रेयस्कर हुन्छ । तसर्थ तपसिलमा उल्लेखित प्राथमिकताका आधारमा पालिकाले लिने आगामी नीति तथा कार्यक्रम तय गरिनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ ।

**प्राथमिकताहरु**

- आर्थिक विकास तथा गरिबी निवारण
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त हुने
- रोजगारीको अवसर प्राप्त हुने
- जनसहभागिता जुट्ने लागत कम लाग्ने
- स्थानीय श्रोत साधन प्रयोग हुन सक्ने
- लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता सामाजिक समावेशीकरणमा सहयोग पुग्ने
- वातावरणीय संरक्षण र सन्तुलन कायम गर्ने ।
- भाषिक,सांस्कृतिक तथा धार्मिक जगेर्ना गर्ने र सन्तुलन तथा एकता कायम गर्न सहयोग मिल्ने

**अध्यज्यू एवं सदस्यज्यूहरु,**

माथि उल्लेखित पृष्ठभूमि,आधारहरु र प्राथमिकताहरुको परिधिभित्र रहेर लक्ष्य किटानका साथ हामीले आगामि वर्षहरुमा अवलम्वन गरिने नीति तथा कार्यक्रमहरु विषयगत र क्षेत्रगत रुपमै यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**१. स्थानीय सडक**

भौतिक पूर्वाधारको विकासको मेरुदण्डको रुपमा रहेको सडक निर्माण कार्यलाई प्राथमिकतामा राखी तदारुकताका साथ अगाडि जानु जरुरी छ । जसले अन्य विकासको लगानीलाई कम गराउन मद्धत गर्दछ र जनताको दैनिक जीवन यापनलाई सहज र सुलभ बनाउदै एक ठाउँबाट अर्को ठाउँको सम्वन्ध स्थापित गर्न सहयोग मिल्ने हुँदा यस क्षेत्रलाई प्राथमिकतामा राख्ने पालिकाले नीति लिएको छ । गाउँपालिका भित्र अव नयाँ ट्रयाक खोल्नुपर्ने, सडकको लम्वाई मात्र १६ कि.मी.छ । ट्रयाक खोली सकिएको र स्तरोन्नती गर्न बाँकी सडकको लम्वाई २१० कि.मी.,अन्य निकायको निर्माण संचालनमा रहेको ५४ कि.मि.र हाइवे २२ कि.मी.रहेको छ । यसमा चालु आ.ब. मा ३२ कि.मी नयाँ ट्रयाक खोलिएको र बाँकी १६ कि.मी.बाटोलाई आगामी वर्ष भित्र ट्रयाक खोल्ने काम सम्पन्न गर्ने नीति अवलम्वन गरिने छ, र बाँकी स्तरोन्नतीका कार्यक्रम वडा स्तरबाट संचालन गर्ने, स्तरोन्नतीमा माटो काट्ने कामलाई सकेसम्म न्यूनिकरण गर्दै स्ट्रक्चर निर्माण तर्फ जोड दिने नीति अवलम्वन गरिने छ । स्तरोन्नतीका लागि आगामि वर्षमा वडाको केन्द्रदेखि हाईवेको ० सम्म जोडिएका बाटाहरुको विस्तृत डिजाइन लगत रिपोर्ट तयार गरी काम थालनी गरिने छ । आगमि आ.व देखि ति बाटोहरुको स्तरोन्नती गरी वडा केन्द्रबाट कम्तिमा मिनी बस चल्न सक्ने गरी बाटोको स्तरोन्नती गरिने छ । प्रत्येक वर्ष एक वडा एक मुख्य सडक स्तरोन्नतीको काम मुख्य लक्ष्ममा राख्दै वार्षिक रुपमा कम्तीमा २० कि.मी.को दरले सम्पन्न गर्ने लक्ष्य पुरा गर्न जनसहभागिता लाई अनिर्वाय गर्ने र आउँदो वर्षमा बांकी सडकहरु समावेश गर्दै बजेट व्यवस्थपन गरिने छ ।

**खानेपानी**

पालिका अन्तर्गतका विभिन्न खानेपानी आयोजना जीर्ण अवस्थामा रहेका छन् । त्यसको साथ साथै सर-सफाईको चेतना पनि न्यून रहेको हुँदा जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु र सर-सफाईको चेतना अभिबृद्धि गरी स्वच्छ र स्वस्थ जीवन जिउने वातारवरण तयार गर्ने जिम्मेवारी पालिको हुन आउँछ, तसर्थ आगामी ५ वर्ष सम्ममा नेपाल रेडक्रस सोसाईटि, सरकारी गैर सरकारी तथा निजी क्षेत्रको साझेदारीमा सवै जनतालाई स्वच्छ खानेपानी उपलब्ध गराउने र सर-सफाईका लागि जनचेतना अभिबृद्धि गरी पूर्ण सर-सफाई युक्त समाज निर्माण गर्ने नीति पालिकाले लिएको छ । त्यसका लागि आगामी वर्ष खानेपानीका सवै मुहानहरुको पानीको गुणस्तर चेक गर्ने कार्य सम्पन्न गरिने छ । निर्माणाधिन खानेपानी आयोजनाहरुको बांकी निर्माण कार्य आगामी आ.व. मा सम्पन्न गर्ने र नयाँ पुनःनिर्माणका आयोजनाहरु छनौट गरी निर्माण कार्य शुरु गरिने छ । प्रत्येक ३ वर्षमा आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गर्ने नीति लागू गरिने छ । अब निर्माण हुने आयोजनाहरुमा उपभोक्ताहरुको घर घरमा मिटर जडित धारा जडान गर्ने र समितिले मिटर वापतको खानेपानी शुल्क उठाई आयोजनाको अपरेटिङ्ग कार्य र सामान्य मर्मत कार्य गर्न सक्ने गरी व्यवस्थापन गरिने छ । बाँकी आयोजनाहरुको लागि मर्मत सम्भारका कार्यक्रम राखी सालवसाली आयोजनाको रुपमा कार्यन्वयन गरिने छ । साथै थप ठुला आयोजनाहरुको विस्तृत सर्भेक्षण गरी रिपोर्ट तयार गर्ने कार्यलाइ समेत प्राथमिकतामा राखिने छ । गत आव देखि प्रदेश सरकार सगको साझेदारिमा सन्चालन हुदै आएको वडा नं२ को डढेगाउ लि. खानेपानी योजनालाई यस आ.व मा पनि निरन्तरता दिदै सम्पन्न गरि वडा नं ६ को शिखरडाडा लि खानेपानी योजनालाई साझेदारि कार्यक्रम अन्तर्गत यस आ.व वाट सुरु गरिने छ । वडा नं १ र२ मा नेपाल रेडक्रस सोसाईटि पाल्पा शाखाको सहकार्यमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रम तिनाउ गाँउ पालिकावाट आवश्यक साझेदारिमा

२०७७ साल भित्र पुर्ण सरसफाई उन्मुख वडा घोषण गरि उक्त कार्यक्रम क्रमश अन्य वडामा पनि लागु गरिने छ ।

**कृषि तथा पशुपालन**

नेपाल कृषि प्रधान देश हो । तिनाउ गाँउपालिका कृषि उत्पादनको लागि उर्वर भुमि हो । कृषिबाट आत्मनिर्भर नभए सम्मका लागि दैनिक खाद्य पदार्थमा बाह्य निर्भरतामा रहनु पर्ने बाध्यता हुन्छ । तसर्थ बाह्य निर्भरतालाई प्रतिस्थापन गरी जनताको आर्थिक उन्नति गर्नका लागि कृषि उत्पादनमा विशेष जोड दिन जरुरी छ । कृषि उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न सक्ने गरी उत्पादन र बजार व्यवस्थापन गर्न सकेमा मात्र आयातलाई प्रतिस्थापन गर्न सकिन्छ । जसले यस क्षेत्रका जनताको आर्थिक बृद्धिदर उच्च राख्न सकिन्छ । तसर्थ कृषि क्षेत्रको हरेक उत्पादनलाई बजार मूल्यमा प्रतिस्पर्धी बनाउनका लागि कृषि विशेष क्षेत्र घोषणा गरी जाने र विशेष अनुदानका माध्यमबाट उत्पादन लागत कम गराउन सकेमात्र हाम्रो उद्धेश्य पुरा हुन्छ । तसर्थ उत्पादन लागत कम गराउन विशेष अनुदानका कार्यक्रम ल्याइने छ । आगामी आ. ब. मा यस पालिकाभित्र उत्पादित विशेष गरी अण्डा, मासु र दुध दालचिनी ,अम्रिसो को तथ्यांक यकिन गरी कम्तीमा यी क्षेत्रबाट पालिकालाइ आत्म निर्भर बनाउने गरी अगाडी बढाउने र एक गाउ एक उत्पादनलाइ जोड दिने गरी कार्यक्रम तय गरिने छ । जस अनुसार -

- दोभान, मस्याम झुम्सा,कोलडाँडा,सत्यवती र ओखलढुंगालाई तरकारी उत्पादन क्षेत्र
- ओखलढुंगालाई माहुरी पालन र अम्रिसोको क्षेत्र
- सत्यवती,चौकीभन्ज्याङ्ग र कोलडांडा क्षेत्रलाई तेजपात र केरा उत्पादन क्षेत्र
- लगाड र मस्यामको उपल्लो क्षेत्रलाई कफि खेतीको संभावना भएकोले त्यसलाई प्रवर्द्धन गर्दै जाने, कचल फाँटमा सिंचाईको केन्द्रिय आयोजना सम्पन्न भएपछि अन्न भण्डारको रुपमा विकास गर्न पूर्वाधार निर्माणका कार्यहरु संचालन गर्ने जसका लागि गह्रा सुधार कार्यक्रम संचालन गर्ने
- दोभान क्षेत्रमा माछापालनको संभावना भएको हुँदा संभाव्यता अध्ययन र परिक्षण परियोजना लागू गर्ने
- लग्दुवा क्षेत्रलाई आलू,तरकारी र काँक्रा उत्पादन क्षेत्रको रुपमा र भस्तखोला क्षेत्रलाई च्याउको पकेट क्षेत्रको रुपमा विकास गर्ने
- आगामी वर्ष देखि धान र मकैको विजबृद्धि कार्य परिक्षणको रुपमा सन्चालन गर्ने ।
- कृषि उत्पादनको लागि समुहगत रुपमा मिनिटिलर र थ्रेसर वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिने ।
- बेसीक्षेत्रमा आँप र लिचि र केरा तथा दोभानको मारावास बडहरे र गाउँपालिकाको माथिल्लो क्षेत्रलाई कागती पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- कृषकहरुलाई विभिन्न तालिमको र अनुदानको व्यवस्था गरिने छ ।
- यस गाँउ पालिकाको झिगामारा, ठुलिउदाङ्ग, हरियालिगाँउ, कोलडाँडा, गिजिनचौर, पाटन, चौकीभन्ज्याङ्ग क्षेत्रलाई बाखापालन क्षेत्रको रुपमा विकास गर्ने संभावन भएकोले संभाव्यता अध्ययन गरी समूहगत बाखापालन फारम स्थापनाको पूर्वाधार तयार गरी कार्यक्रम लागू गर्न विशेष अनुदानका कार्यक्रम ल्याइने छ ।
- मस्याम झुम्सा र दोभान क्षेत्रलाई पशुपालन र दुग्ध उत्पादनको मूख्य केन्द्रको रुपमा विकास गर्न सहकारी मार्फत आवश्यक पूर्वाधार निर्माणमामा सहयोग गर्ने र दुध उत्पादक कृषकलाई प्रति लिटर रु २ को विशेष अनुदान समेतको कार्यक्रम लागू गरिने छ ।
- दोभान तथा झुम्साको पूल वरपरका क्षेत्रलाई पशुपालन र दुग्ध उत्पादनको उपकेन्द्रको रुपमा विकास गर्न संभाव्यता हेरी अनुदानका कार्यक्रम संचालन गरिने छ ।

- पालिका अन्तर्गत विभिन्न पर्यटकीय क्षेत्र सत्यवती ,मस्यामको जन्तीलुङ्ग,मरामकोट, दोभानको सुकेताल र झ्याङ्गला लगायतका क्षेत्रमा होम स्टे सन्चालन भैरहेको छ । बाह्य तथा आन्तरिक पर्यटकको चाहानालाई पुरा गरी होम स्टे बजारको विस्तार गर्ने लक्ष्य लिन आवश्यक छ । जसका लागि स्थानीय उत्पादनमा विशेष जोड दिन १ गाउँ १ स्थानीय कुखुरा पालन केन्द्रका रुपमा विशेष अनुदान र पूर्वाधार सहितका कार्यक्रम लागू गरिने छ ।
- मौरी पालनको संभाव्यताको बुढिकोट काफलवारि जन्तिलुङ्ग मरामकोट सुकेताल वडहरे लागि आउदो वर्ष १५० घार मौरी वितरण गर्ने लक्ष्य लिएको छ ।
- मस्याम क्षेत्रमा दुध प्रशोधन केन्द्र स्थापना गर्न कृषकलाई प्रोत्साहन गरिने छ ।
- आवश्यक स्थानमा कृषि उपज संकलन केन्द्र निर्माण गरिनेछ ।

**स्वास्थ्य**

तिनाउ गाउँपालिकाको क्षेत्रभित्र दोभान,कचल,मस्याम,कोलडाँडा,झुम्सामा स्वास्थ्य केन्द्र,उपकेन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईद्वारा खोप, परामर्श सेवा, सुरक्षित मातृत्व सेवा लगायत प्राथमिक उपचारका कार्यक्रमहरु संचालनमा छ । जनशक्तिका हिसावले सवै दरबन्दी परिपूर्ति भैसकेको अवस्था छ । माथि उल्लेखित प्राथमिक उपचारका कार्यक्रमहरुलाई प्रवर्द्धन गर्दै जाने र पालिका स्तरमा अति आवश्यक तर हालसम्म शुरु नभएका पालिका स्तरीय ५ शैया सम्मको अस्पताल, प्रसूती सेवा, ल्याव सेवा, एक्सरे सेवा तथा रक्तसंचार सेवा समेतका सुविधाहरु जनस्तरमा अनिवार्य रुपमा उपलब्ध गराउन तर्फ पालिकाले जोड दिनु पर्दछ । तसर्थ ५ शैंयाको अस्पताल निर्माणका पूर्वाधारहरु तयार गर्दै आगामी ५ वर्ष भित्रमा माथि उल्लेखित सवै सेवा संचालन गर्ने गरी नीति तय गरिएको छ । तथापि आउँदो ५ वर्ष भित्रमा पालिकाले ल्याव सेवा, प्रसूती सेवा र रक्त संचार सेवा संचालन गर्ने गरी एउटा हाइवे स्वास्थ्य केन्द्र स्थापना गर्न जरुरी देखिन्छ । तसर्थ हाइवे स्वास्थ्य केन्द्र स्थापनाका लागि जग्गाको व्यवस्थापनदेखि आवश्यक पूर्वाधार निर्माण गर्ने, खोप केन्द्रहरु निर्माण गर्ने, Home Birth लाई शून्यमा झार्ने गरी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- स्वास्थ्य चौकीबाट सेवा प्राप्त गर्न कठिन क्षेत्रमा गत वर्ष स्थापना गरिएका सामुदायिक स्वास्थ्य ईकाइलाइ स्तरोन्नती गर्दै लगिने छ र यस वर्ष झिंगामारा वडा नं १ र पाटन वडा नं ६ मा गरी २ वटा सामुदायिक स्वास्थ्य इकाइको स्थापना गरिने छ ।
- प्रत्येक स्वास्थ्य केन्द्रमा तोकिएका औषधि अभाव नहुने व्यवस्था मिलाईने छ ।
- नेपाल जेस्यीट सोसाइटी र लायन्स लाकौल आँखा अस्पताल पाल्पाको सहकार्यमा विकट क्षेत्रमा निःशुःक स्वास्थ्य सिविर सन्चालन गरिनेछ ।
- आगमि आ.व को पहिलो चौमासिक भित्रमा एम्वुलेन्स सेवा संन्चालन  गरिने छ ।
- बालविवाह न्यूनिकरण गर्न किशोर किशोरीमा प्रजनन् स्वास्थ्य सम्वन्धि जनचेतना अभिवृद्धि गरिने छ ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई थप व्यवस्थित गराईनेछ ।

**शिक्षा**

तिनाउ गा.पा.अन्तर्गत विद्यालयमा आधारित बाल विकास केन्द्र ३३ वटा र समुदायमा आधारित ८ वटा गरी ४१ बालविकास केन्द्र,विद्यार्थी संख्या ८४५, शिक्षक संख्या ४१, आधारभूत विद्यालय संख्या १ देखि ८ सम्म ३१ र संस्थागत १ गरी ३२ विद्यार्थी ३८४३ मा.वि.९-१२ विद्यालय संख्या-९ र शिक्षक शिक्षिका संख्या २२४ रहेको छ । जनशक्ति र विद्यार्थी संख्याको हिसावले शिक्षामा जुन गुणस्तरीय नतिजा प्राप्त हुनु पर्ने हो सो भएको देखिदैन,

तसर्थ नेपाल सरकारले लागू गरेका सशर्त अनुदानका कार्यक्रमहरुलाई यथावत् रुपमा लागू गर्दै पालिका स्तरबाट शिक्षाको विकासमा नतिजामूलक सूचाङ्क प्राप्त हुने गरी केही विशेष कार्यक्रम लागू गर्न आवश्यक छ ।

१. आधारभूत तहका विद्यालयहरुमा आउँदो शैक्षिक सत्र देखि अनिवार्य रुपमा १ देखि ३ सम्मको कक्षामा अंग्रेजी माध्यमबाट अध्यापन गराइने कार्यलाइ निरन्तरता दिइने छ ।

२. यस गाउपालिका भित्रका दुई वटा मा.वि दोभान र तिलोत्तमा मा.मा परिक्षणको रुपमा कक्षा ९ र १० लाई आवाशीय कक्षा सन्चालन गरिएकोमा ति छात्रवासलाइ क्रमश ब्यबस्थित गर्दै लगिने छ । साथै भुगोलका हिसाबले बिद्यार्थीको शिक्षामा पहुँच पुग्न कठिन महसुस भएका अरु थप २ विद्यालयमा यस शैक्षिक सत्रबाट छात्रावासको व्यबस्था शुरु गरिने छ ।

३. पालिका भित्र रहेका अभिभावक विहीन असहाय बालबालिकालाई माध्यमिक स्तर सम्मको शिक्षामा विशेष सहयोग गरिने गरी कार्यक्रम ल्याइने छ ।

४.विद्यालयको भौतिक पूर्वाधारको विकासमा बालविकास केन्द्र देखि कक्षा १२ सम्म  पूर्वाधारको विकास गर्ने गरी व्यवस्था गरिने छ ।

५. न्यूनतम ६०% सिकाई उपलब्धी कायम गरिने छ ।

६. माध्यामिक विधालयमा विद्युतिय हाजिरको व्यावस्था गरिने छ ।

७. शिक्षक तालिमको व्यवस्था गरिने छ । (प्राविधिक जनशक्ति आफ्नै पालिका भित्र उत्पादन गर्ने लक्ष्य राखी सो सम्वन्धमा आवश्यक पूर्वाधार सहितका कार्यक्रमहरु लागू गरिने छ ।)

८. विधालय स्तरिय विभिन्न अतिरिक्त क्रियाकलाप तथा प्रतियोगिता आयोजना गरिने छ ।

९. विधालय अनुगमन र निरिक्षण नियमित व्यवस्थित र वैज्ञानिक गरिने छ ।

१०. उत्कृष्ट विधालय, विधार्थी र शिक्षकलाई पुरष्कृत गरिने छ ।

११. विद्यार्थी संख्या बढी, कक्षा बढी र शिक्षक कम भएको विद्यालयमा र खानी प्रभावित क्षेत्रमा रहेका विद्दालयलाइ
बिशेष सहयोग गर्ने ।

१२. बालविकास केन्द्रका शिक्षिकाहरुलाई विशेष प्रोत्साहनका कार्यक्रम ल्याइने छ ।

१३. नैतिक शिक्षा यस आ.व देखि केहि विधालयमा लागु गरिने छ ।

**<u>सिंचाईः</u>**

सिंचाई तर्फः यस गाउँपालिका अन्तर्गत ७११७ हेक्टर जमिन कृषि योग्य देखिन्छ । जसमा बाह्रै महिना सिंचाईको सुविधा भएको क्षेत्र १८०७ हेक्टर वर्षायाममा मात्रै सिंचाई हुने क्षेत्र ३५२५ हेक्टर र आकाशे भरमा सिंचाई हुने क्षेत्र १७८५ हेक्टर छ । सिंचाई सुविधा प्रयाप्त र भरपर्दो नरहेसम्मका लागि हामी कृषि उत्पादन बृद्धि गर्न सफल हुन सकिन्न । तसर्थ सिंचाईका चालू आयोजनालाई आउँदो ५ वर्ष भित्र कचलफाँटको ३०० हेक्टर,ओखलढुंगाको जलुकेफाँटको १०० हेक्टर,झ्याङ्गलाफाँट लगायतको जमिनमा केन्द्रिय,प्रदेश र स्थानीय सरकारको सहयोगमा बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने गरी वजेट व्यवस्था गरिने छ । त्यसका लागि निर्माणाधिन आयोजनाहरुको निर्माण कार्य छिटो भन्दा छिटो सम्पन्न गर्ने र थप आयोजना पहिचान गरी संभाव्यता अध्ययन सहित आयोजना छनौट गरी कार्यान्वयन गरिने छ ।

१. ठुला फाँटको सिंचाई योजना सम्पन्न गर्न प्रदेश तथा केन्द्र सरकारसँग माग गर्ने

२. साना सिंचाईको योजना स्थानीय तहबाट संचालनमा सहयोग गरिने छ ।

**<u>विद्युतः</u>**

जनजिवनमा अति महत्वको क्षेत्र ओगटेको विद्युत सेवा तर्फको अवस्था हेर्दा पालिका भित्र विद्युत सप्लाई भरपर्दो नभएको र त्यत्तिकै जोखिमयुक्त पनि छ । विद्युत सप्लाई भरपर्दो र जोखिममुक्त गराउने तर्फ पालिकाले विशेष कार्यक्रमहरु तर्जुमा गर्ने छ । पालिका भित्र गत बर्षको अवस्थामा ७५% विद्युतका पोलहरु काठका भएको र कुहिएर ढल्ने अवस्थामा छन् त्यसमा पालिकास्तरबाट ६३७ स्टीलका पोलहरुको ब्यबस्था गरिएको छ तथापी अझै

पनि विद्युत सप्लाई जोखिमयुक्त छ । तसर्थ ग्रामीण विद्युतीकरणलाई आगामी ३ वर्ष भित्र सवै पोलहरु प्रतिस्थापन गरी नयाँ स्टिलको पोल राख्ने तर्फ जोड दिइएको छ । नयाँ पोल स्थापना संगै विद्युतीकरणका अन्य कार्यहरु समेत संगै सन्चालन गर्ने र आगामी ३ वर्षमा विद्युतलाई भरपर्दो र जोखिममुक्त र जनमैत्री बनाउने गरी बिद्युत प्राधिकरणमार्फत बजेट व्यवस्था गराउने तर्फ पहल गरिने छ ।

१.गत वर्ष स्थानीय तह र केन्द्र सरकारको सहयोगमा वडा नं.६ को पाटन,वडा नं.४ को बौरीडाँडा र थपनडाँडामा विद्युतीकरण सम्पन्न गरिएको छ ।

२. विद्युतिकरण गर्न बाँकी रहेको कचलफाँट,ओखलढुंगा,बुढीकोट,सुकेताल,कोलडाँडा,विस्कुनडाँडा,गिजिनचौर,खुर्सानी लगायतका गाउँमा यसै आ.व.मा भित्र विद्युतिकरण गरिने छ ।

## संस्कृति र पर्यटन

संस्कृति हाम्रो सम्पदा हो यसमा संरक्षण गर्न हाम्रो दायित्व हो । पालिका भित्र रहेका विभिन्न धार्मिक तथा जातीय संस्कृति संरक्षण गर्ने गरी पालिकाले संस्कृति संरक्षण र प्रवर्द्धनका कार्यक्रमहरु संचालन गर्न जरुरी छ । पालिका भित्र रहेका विभिन्न मठमन्दिर, गुम्वा र पुरातात्विक केन्द्रहरुको संरक्षण तथा संबर्द्धन गर्दै सवै संस्कृतिलाई समान महत्व दिने नीतिका साथ कार्यक्रम तर्जुमा गरिने छ । तिनै संस्कृति र सांस्कृतिक सम्पदाहरुसंगै पर्यटन विकासका सम्भावना खोजी गरी पर्यटन विकास बाट आर्थिक लाभ लिने तर्फ पालिकाले जोड दिनु पर्दछ । प्राकृतिक सम्पदाहरुको पहिचान प्रचार प्रसार संरक्षण तथा सम्बर्द्धन गर्दै जनताको आर्थिक र सामाजिक विकास तथा एकता कायम गर्न सहयोग पुग्ने खालका कार्यक्रमहरु सन्चालन गरिने छ । पार्क निर्माण होम स्टे सन्चालन र प्रवर्द्धन सहित उच्च समस्थली भ-ूभागमा पोखरी र ताल तलैया निर्माण एवं संरक्षणका कार्यक्रमहरुलाइ निरन्तरता दिइने छ ।

१. नुवाकोट क्षेत्र, सत्यवति ताल, सुकेताल, वसन्तपुर, गड्डा,हात्तीकोट,झ्याङ्गला,पाटन,कोलडाँडा,जन्तिलुङ्ग, मरामकोट, झिगामारा, ठुलि उदाङ्ग, गिन्टार क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने छ ।
२. रामापिथेकश पार्क निर्माण गर्न प्रदेश मार्फत पहल गरिने छ ।
३. नुवाकोटमा उजिर सिं थापा,मणिमुकुण्दसेन स्मृति पार्क निर्माण सम्पन्न गर्न थप सहयोग गरिने छ ।
४. सत्यवती तालमा सत्यवती वज्यैको मुर्ति स्थापनाको संग संगै गुरु योजना अनुसारका कार्यक्रम गरिने छ ।
५. तिन पोखरीताललाई कृतिम ताल निर्माण गरिने छ ।
६. सुकेतालमा संन्चालित होमस्टे प्रवर्द्धन गर्दै तालको क्षेत्र विस्तार गरि डुङ्गा सन्चालन भैसकेको हुँदा बाँकी प्रर्बद्धनका कार्यहरु अगाडी बढाइने छ ।
७. रानी झरनालाई अझ व्यवस्थित गरिने छ ।
८. अविरल पार्कको निर्माण कार्यलाई निरन्तरता दिने तथा गुफाचौर, देवीस्थान, कौडेलेक, माइला चौर पार्क,बोक्से खोला झरना,भूतखोलाको सिद्ध सरोवर,खुलखुले पार्क,अब्राहम पार्क,भर्तृहरी पार्क,चुनुमाया स्मृति पार्क,रेम्वो पार्क, लगायतका सम्भावित पर्यटकीय क्षेत्रको विकासलाई अगाडी बढाइने छ ।
९. निजी क्षेत्रबाट नुवाकोट,बसन्तपुर र सत्यवती तालमा सुरु गरिएको केवुलकार निर्माणको कामलाई गाउँपालिकाबाट आवश्यक सहयोग र सहजीकरण गरिने छ ।

## वन तथा भू-संरक्षण

हाम्रो पालिका तल्लो भाग प्राय सवै चुरे क्षेत्रमा रहेको छ । भूबनोटका हिसावले चुरे क्षेत्र अति नै संवेदनशील क्षेत्रका रुपमा परिचित छ । यस क्षेत्रलाई बचावट गरी विपत न्युनिकरण गर्नु र भू-सुन्दरतालाई कायम राख्न जरुरी छ। नदी कटानबाट रोक्न वन क्षेत्रको सुरक्षा,वैज्ञानिकरण र व्यवस्थित गर्नु र बातावरणलाई मानव तथा जीवमैत्री बनाइ प्राकृतिक सन्तुलन कायम गर्ने तर्फ पालिकाले जोड

दिनु पर्दछ । जसका लागि कचल खोला, तिनाउ खोला,बाह्रविसे, डुम्रे खोला, भुम्सा खोलामा तटबन्धनको कार्यक्रम, वन डढेलो नियन्त्रणका लागि अग्नि रेखा रेखाङ्कन, डढेलो सचेतना कार्यक्रम, वृक्षारोपण कार्यक्रम जस्ता कार्यक्रमलाइ निरन्तरता दिइने छ । त्यस बाहेक वन उपभोक्ता समितीको विभिन्न कार्यक्रम तथा क्रियाकलाप बारेमा जानकारी लिने, र अतिक्रमण गर्ने कार्यलाई रोक्नका लागि सुरक्षात्मक व्यवस्था कायम गर्ने तर्फ पालिकाले नीति लिएको छ ।

१. १ सामुदायिक वन १ पोखरी निर्माणको नीतिलाइ निरन्तरता दिइने छ ।

२. १ घर १ करेसा बारी

**युवा तथा खेलकूद**

सभ्य, अनुशासन र मर्यादित समाज निर्माणको आधार भनेको खेलकूद र कलाकारिता नै हो, यसले समाजलाई एकताको शुत्रमा बाँध्ने काम पनि गर्दछ । राष्ट्रिय पहिचान र गौरवको विषय पनि खेलकूद र कला नै हो, यसर्थ पालिकाले यस क्षेत्रको विकासका लागि पनि उत्तिकै महत्व दिनु पर्दछ । यसका लागि आगामी वर्ष युवाहरुको चाहाना र खेलखेल्ने सीपलाई महत्व दिदै यसको उचित व्यवस्थापन गर्न पालिका स्तरीय क्लव गठन गर्ने र प्रत्येक वडाको सोही पालिकास्तरीय क्लवको अन्तर्गत रहने गरी इकाई क्लवहरु गठन गर्ने नीति अनुरुप सबै लक्षित बर्गका संजालहरु गठन भै सकेका छन । जसले यस क्षेत्रको विकासका लागि सन्चालन गरिने कार्यक्रमलाई व्यवस्थित र जिम्मेवार बनाउँदै लग्ने छ । पालिका स्तरीय क्लवले नै सवै इकाई स्तरीय क्लवको कार्यक्रमको संयोजन गर्ने गरी व्यवस्था मिलाउनु उचित हुन्छ, त्यसका लागि प्रत्येक वर्ष तिनाउ अध्यक्ष कप भलिवल रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्ने,युवाहरुलाई परिचालित र जिम्मेवार बनाउन विभिन्न किसिमका तालिमहरु र विविध कार्यक्रमहरु समेत संचालन गर्ने गरी कार्यक्रम तर्जुमा गरिने छ ।

-पालिका स्तरीय खेलमैदान १ वटा निर्माण गरिने छ ।

-वडास्तरीय खेलमैदान १/१ वटा निर्माण गरिने छ ।

-बस्तीबस्तीमा भलिवल मैदान निर्माण गरिने छ ।

-व्यवसायिक र सिपमूलक तालिम सन्चालन गरिने छ ।

**सहकारी**

नेपाल सरकारको तीन खम्वे अर्थ नीति अन्तर्गत रहेको सहकारीको प्रवर्द्धन गरी सहकारीको पूंजिलाई अधिकतम उत्पादन र रोजगारीमूलक क्षेत्रमा लगानी गर्ने तर्फ उन्मुख गराउने उद्देश्य अनुरुप आगामी वर्ष देखि आवश्यक अनुगमन तथा नियमन गरिने छ । सरकारले सहकारी मार्फत जनतामा दिने गरेको अनुदानका क्षेत्रहरुको उपयोगको बारेमा पालिकाले विशेष चासो लिने गरी कार्यक्रम तय गरिन छ । सहकारी सदस्यहरुलाई विशेष तालिम मार्फत क्षमता अभिबृद्धि गर्ने गरी वजेटको व्यवस्था गरिने छ । एक घर एक सहकारी सदस्यको नीति लागु गदै सहकारी मार्फत उत्पादन वृद्धि गरिने छ । पालिका भित्रका सवै सहकारिहरुलाई नेटवोकिङ्गमा आवद्ध गरि संन्चालन तथा अनुगमन र नियमन गर्ने गरि व्यवस्था गरिने छ । साथै एकै कार्य क्षेत्र भित्र एकै विषयका एक भन्दा वढि सहकारी स्थापनालाई निरुत्साहित गरिने छ । स्थापना दर्ता भएका तर सन्चालनमा जोखिममा रहेका सहकारिहरुलाई कार्यक्षेत्र मिलाएर क्रमश मर्ज गर्दै लगिने छ ।

**भवन**

बस्ती विकास शहरी विकास तथा भवन निर्माणको विषय भनेको गाउँपालिकाको गहना नै हो । व्यक्तिको सुरक्षाको पहिलो स्थान भनेकै घर अर्थात भवन हो तसर्थ भवन निर्माणका लागि पालिकाले चालु वर्ष देखि भवन निर्माण आचार संहिता लागू गरिसकेको छ । पालिकाको अधिकतम क्षेत्र चुरे पहाड तथा वन क्षेत्रमा पर्ने भएकोले वर्षेनी आगलागी तथा वाढी पहिरोको कारण प्रचुर जोखिम यहाँका जनताहरुले व्येहोर्नु परेको छ । तसर्थ पालिकाबाट लागामी ५ वर्ष भित्रमा सवै फुस र खरले छाएका घरहरुलाई कम्तिमा जस्तापाताले छाउने गरी फुसको छाना रहित गाउँ पालिका कार्यक्रमलाई निरन्तरता दिईने छ ।

त्यस बाहेक पालिकाले पालिका कार्यालयको सुविधा सम्पन्न घर निर्माण गर्नका लागि निःशुल्क जग्गा प्राप्ती भएको छ । त्यसका साथै उक्त जग्गामा गाउँपालिका भवन निर्माणका लागि डिजाईन रिर्पोट तयार भएकाले यस आ.व देखि सो भवनको निर्माण कार्य प्रदेश सरकारको साझेदारीमा सुरु गरिने छ । त्यसको अलवा ५ नं वडा कार्यालयको लागि निःशुल्क जग्गा प्राप्ती भई सकेकोले यसै वर्ष भवन निर्माण गरिने छ , ४ नं.वडा को वडा भवन यसै वर्ष देखि निर्माण शुरु गरिने र ३ र ६ नं वडामा पनि वडा कार्यालय आगामी वर्ष निर्माणका लागि निःशुल्क जग्गा प्राप्तीको लागि पहल गर्ने र प्रत्येक वडामा वडा कार्यालयको भवनहरु निर्माण गरी जनतालाई सेवा प्रवाह गर्ने थलोलाई व्यवस्थित बनाउने नीति लिएको छ । त्यसका लागि आवश्क रकमको व्यवस्था गरिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग) कार्यक्रम**

महिला,जनजाती,युवा,दलित,फरक क्षमता भएका व्यक्ति,ज्येष्ठ नागरिक,बालबालिका,लोपोन्मुख जाती सवैको सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने नेपाल सरकारको नीति अनुरुप लक्षित वर्गको सशक्तिकरणका विविध कार्यक्रम मार्फत समावेसी सिद्धान्त अनुरुप समताको अवस्थामा ल्याउन पालिका स्तरीय संजाल निर्माण कार्य सम्पन्न भई सकेको हुदाँ आगामी आ.व. देखि सोही सन्जाल मार्फत सन्जालको संयोजक तोकिएका जनप्रतिनिधिहरुको प्रत्यक्ष नियन्त्रणमा सशक्तिकरण आर्यआर्जन क्षमता विकास लगाएतका प्रभावकारी कार्यक्रम कार्यान्वयन गर्दै लगिने छ ।

**म्याचिङ्ग, फण्ड**

स्थानीय सरकार र स्थानीय जनताबाट साझेदारी कार्यक्रम अनुसार लगानी सहभागिताका आधारमा आफ्नो गाउँ ठाउँको विकासका लागि विशेष कार्यक्रम संचालन गर्न माग भै आएमा ३०/७०% का आधारमा विशेष योजनाहरुको छनौट गरी कार्यान्वयन गरिने छ । कुनै गै.स.स को विशेष कार्यक्रम गर्न गाँउ कार्यपालिकाले आवश्यकता महशुस गरेमा कम्तिमा ५०।५०% लागत सहभागिता मा गरिने छ । कुनै त्यस वाहेक केन्द्र सरकार र प्रदेश सरकारले तय गरेको लगानी सहभागितामा संचालन गर्ने आयोजनाहरुको पहिचान गरी कार्यक्रम संचालन गर्ने व्यवस्था समेत गरिने छ । साथै प्रदेश सरकार सँगको लागत सहभगितामा चालु आ. ब. मा निर्माणाधिन हरीयाली गाँउ खानेपानी आयोजनाको निर्माण कार्य आगामी आ.ब. मा सम्पन्न गर्ने गरी बजेटको ब्याबस्था गरिने छ ।

**विपद व्यवस्थापन**

बेलामौकामा भारी वर्षाका कारण,आगलागी,भूकम्प,आँधिबेरी जस्ता विपतले सार्वजनिक एवं निजी जीवनमा पर्ने असरलाई कम गर्न, पिडितलाई केही न केही राहतका प्याकेजद्वारा ती क्षेत्रहरुलाइ संबोधन गर्ने गरी एक विपद व्यवस्थापन कोषको स्थापना गरी कार्यविधि समेत बनि सकेको अबस्था छ । सो कोषलाइ बडोत्तरी गरी बिपदमा परेका नागरीकहरुलाइ छिटो भन्दा छिटो राहत उपलब्ध गराउने कार्यलाइ व्यबस्थित गरिने छ ।।

**प्राकृतिक श्रोत साधन सम्वन्धमा**

प्राकृतिक श्रोत र साधनको अधिकतम उपयोग गर्न पालिका भित्रका सम्पदाको पहिचान र सुचिकरण गर्ने, आवश्यक कानुन निर्माण गर्ने तथा अनुगमन निरीक्षणलाई प्रभावकारी बनाउँदै लगिने छ । विशेष गरी चुनढुंगा खानीको सूचिकरण गरी उक्त क्षेत्रबाट प्राप्त हुने राजश्व लाइ व्यवस्थित गरिने छ ।

**मठ,मन्दिर व्यवस्थापन सम्वन्धमा**

सत्यवती ताल तथा मन्दिर,सिद्धबाबा मन्दिर,नुवाकोटको भैरव मन्दिर लगायत मठमनिदर,गुम्वा आदिको व्यवस्थापनमा ध्यान दिदैं उक्त स्थानहरुको आम्दानी खर्चको हिसाव सार्वजनिक गर्ने र गा.पा.मा कार्यक्रम पेश गर्न लगाउने गरी व्यवस्था गरिने छ ।

**सुकुम्बासी सम्वन्धमा**

सुकुम्बासीहरुको पहिचान गरी त्यसको सुची तयार गर्ने कार्यलाइ अगाडी बडाइने छ साथै पालिकालाई सुकुम्बासी मुक्त क्षेत्रको रुपमा घोषणा गर्ने गरी कार्यक्रम ल्याईने छ ।

**सरसफाइ तथा स्वच्छता संबन्धमा**

**सरसफाइ तथा स्वच्छता मानव सभ्यताको पहिचान हो ।सरसफाइ बिनाको विकासले सभ्यताको पहिचान दिन सक्दैन व्यक्तिगत सरसफाइ , घरायसी सरसफाइ र वातावरणीय सरसफाइ लाइ समानान्तर रुपमा अगाडी लान सके मात्र मानव सभ्यताको सुचांकमा बृद्धी हुन्छ तसर्थ पालिकाले यी तिनवटै क्षेत्रको सरसफाइ र स्वच्छतालाइ दिगो रुपमा स्थापित गर्न सरकारी गैर सरकारी तथा निजी क्षेत्रसंग साझेदारी गरी अगाडी बड्ने नीति लिन आबश्यक छ यसका लागि माथि उल्लेखित क्षेत्रबाट पालिका अन्तरगत कुनै पनि कार्यकम संचालन गर्न चाहेमा सरसफाइ तथा स्वच्छता संबन्धी कार्यकममा समेत सहभागीता देखिने गरी कार्यकम स्वीकृत गर्ने तथा अनुमती प्रदान गर्ने नीति लागु गरिने छ ।**

**टेलिसेन्टर सम्बन्धमा**

पालिकाको केन्द्र र पालिकाको कार्यालयलाई पायक पर्ने स्थानमा सोवाग्राहीहरुको सुविधालाई मध्यनजर गर्दै ५ न. प्रदेश सरकारबाट अवलम्बन गरिएको एक स्थानीय तह एक टेलिसेन्टरको कार्यक्रमलाई निरन्तरता दिनको लागि यस पालिकाको सुचना तथा प्रविधि शाखाको रेखदेख र सुपरिवेक्षणमा १ टेलिसेन्टरको स्थापना गरिएको हुँदा उक्त सेन्टरको उचित व्यवस्थापन गर्दै ग्राहक सेवामैत्री बनाउदै लगिनेछ ।

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ.व मा बेरोजगार व्यक्तिहरुको सूचिकरण भैसकेको र चालु आ.व.मा विनियोजित बजेटबाट पालिकाद्धारा संचालित सडक आयोजनाहरुको सुरक्षा व्यवस्था कायम गर्न कामदारलाई काममा लगाई सकेकोले आगामी वर्ष पनि तेस्तै खालका रोजगारमुलक आयोजनाहरु छनौट गरी ब्यबस्थापन गरिने छ ।

**आवाश क्षेत्र घोषणा**

तिनाउ वडा नं.२ को नुवाकोट,गणेशटोल,लामाचौपारी,घोडेबास तथा वडा नं.३ को झुम्सा सेरोफेरो हाइवे क्षेत्र र मस्यामको डुम्रे क्षेत्रलाई आवाश क्षेत्रको रुपमा घोषणा गर्दै पूर्वाधार निर्माणमा विकास गरिनेछ ।